

**के तपाईको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन २५ गते शुक्रबार ❑ 8 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अन्योलमा गण्डकीको सत्ता-राजनीति

**रासस**
पोखरा, २४ फागुन

केन्द्रमा भएको सत्तासमीकरण परिवर्तनको असर गण्डकी प्रदेश सरकारमा पनि देखिएको छ। प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेकपा (माओवादी केन्द्र) का दुई मन्त्रीलाई पदमुक्त गरेको भोलिपल्ट बुधबार माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

माओवादी केन्द्रले समर्थन फिर्ता लिएसँगै नेपाली कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको छ। बहुमत गुमाउनुभएका मुख्यमन्त्री पाण्डेले संविधानतः ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । नयाँ समीकरणअनुसार सरकार गठनका लागि नेकपा (एमाले) र माओवादी केन्द्रलाई प्रदेशसभाको गणित सहज छैन।

मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाउने आधार पनि अहिलेलाई देखिन्न । ६० सदस्यीय प्रदेशसभामा कांग्रेसका २७, एमालेका २२, माओवादी केन्द्रका सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र नेकपा (एकीकृत समाजवादी) का एक प्रदेशसभा सदस्य हुनुहुन्छ । सरकार गठनका लागि प्रदेशसभाका ३१ बहुमत सदस्यको समर्थन चाहिन्छ।

राप्रपालाई साथमा लिँदा पनि कांग्रेसले सरकार बनाउन नसक्ने स्थिति छ । राप्रपा नयाँ सत्ता समीकरणमा सामेल भएमा भने एमाले-माओवादी केन्द्रलाई सरकार गठनका लागि बहुमत पुग्छ । राप्रपाले नयाँ सत्ता गठबन्धनलाई सहयोग गर्ने/नगर्ने कुनै टुङ्गो छैन। केन्द्रमा पनि राप्रपा सत्तागठबन्धनबाहिर छ। एकीकृत समाजवादीका एक प्रदेशसभा सदस्यसहित ३० सदस्य रहेको नयाँ गठबन्धनलाई राप्रपाको मत निर्णायक हुने देखिएको छ।

राप्रपा सरकार गठनमा संलग्न नरहने निर्णय गरेमा भने नयाँ सत्ता समीकरण अनुसार सरकार बन्न नसक्ने अवस्था छ । कांग्रेस-एमाले या कांग्रेस-माओवादी वा तीनै दल मिलेर सरकार बनाउने सम्भावना पनि तत्काललाई निकै कम देखिन्छ। यसबीचमा राप्रपाले गण्डकीमा लिने निर्णय प्रतिक्षाको विषय बनेको छ। स्वयं मुख्यमन्त्री पाण्डेले नै मध्यावधि चुनावको सम्भावना औँल्याएका बेला गण्डकी प्रदेशको सत्ता-राजनीतिमा एकखाले अन्योलता देखिएको छ। राप्रपा गण्डकी प्रदेशसभा संसदीय दलका नेता पञ्चराम गुरुङले नयाँ सत्ता गठबन्धनको गुणदोषका आधारमा आवश्यक कदम चालिने बताउनुभयो । "सरकारलाई समर्थन गर्ने वा नगर्ने निर्णय राप्रपाले अघि सारेका मुद्दा र मागका विषयमा केन्द्र सरकार कसरी प्रस्तुत हुन्छ, त्यसमा भरपर्छ", उहाँले भन्नुभयो, "एउटा जिम्मेवार राजनीतिक दलका हिसाबले हामीले परिपक्क निर्णय लिन्छौँ, अहिले नै के हुन्छ भन्न सकिने अवस्था छैन, हामी केन्द्रको निर्देशनलाई पर्खिरहेका छौँ ।" उहाँले राजनीतिक निकासका लागि जुनसुकै दलहरुसँग वार्ता र सम्वादका लागि राप्रपा तयार रहेको बताउनुभयो। नेता गुरुङले राजनीतिक दलहरु सरकार बनाउने र गिराउने खेलमा मात्र संलग्न नभई मुलुकको समृद्धि र नागरिकको सेवालाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो । एमाले गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले मुख्यमन्त्री पाण्डेले विश्वासको मत पाउने आधार नदेखिएकाले संवैधानिक व्यवस्था अनुसार नयाँ सरकार गठन हुने बताउनुभयो।

उहाँले नयाँ समीकरण अनुसार नै सरकार गठन हुने दाबी गर्नुभयो। "सरकारको जिम्मेवार तहबाटै जसरी मध्यावधि चुनावबारे धारणा आएको छ, त्यसरी प्रस्तुत नहुनुपर्ने हो", प्रमुख सचेतक नेपालीले भन्नुभयो, "हामीले मध्यावधि चुनावको कल्पनासमेत गरेका छैनौँ, राजनीतिलाई सहज निकास दिन सबैखाले पहलकदमी एमालेले लिन्छ ।" नयाँ गठबन्धनको सरकार बनाउन निर्णायक देखिएको राप्रपासँग सम्वाद भइरहेको जनाउँदै उहाँले प्रदेशस्तरमा राप्रपासहितको समीकरण बन्न सक्ने धारणा राख्नुभयो । "गठबन्धनबारे केन्द्र तहबाट पनि पहल भइरहेको छ, प्रदेशमा पनि हामी सघन छलफलमा छौँ", प्रमुख सचेतक नेपालीले भन्नुभयो, "नयाँ गठबन्धनकै सरकार बन्छ, हाम्रो सम्पूर्ण प्रयास त्यसतर्फ केन्द्रित छ ।" गठबन्धनले प्रदेशको राजनीतिक शक्ति सन्तुलनका आधारमा सरकार गठनको प्रकृयालाई अगाडि बढाउने उहाँले बताउनुभयो।

माओवादी केन्द्र प्रदेशसभा संसदीय दलका नेता हरिबहादुर चुमानले प्रदेशलाई मध्यावधि चुनावमा जान दिन नहुने बताउनुभयो । "राप्रपासँग छलफल चलिरहेको छ, नयाँ गठबन्धन अनुसारकै सरकार बन्छ, सरकारको नेतृत्व कस्ले गर्ने विषय केन्द्रबाट टुङ्गिन्छ", उहाँले भन्नुभयो, "सबै राजनीतिक दलहरु जिम्मेवार भएर प्रस्तुत हुनुपर्छ, मुलुकलाई अन्योलमा राख्नुहुँदैन ।" अरु दलको नेतृत्वमा पटक-पटक प्रदेश सरकारका सहभागी भएको भन्दै अब बन्ने सरकारको नेतृत्वमा माओवादी केन्द्रको बलियो दाबी रहने नेता चुमानले बताउनुभयो । चारपटकसम्म प्रदेश सरकारमा पुगेको माओवादी केन्द्रले अहिलेसम्म मुख्यमन्त्री पाउन सकेको छैन।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री एवं कांग्रेसका प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले सरकारले संवैधानिक प्रकृयालाई अबलम्बन गर्ने बताउनुभयो।

"३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुहुन्छ, विश्वासको मत पाएमा सरकार सहज रुपमा अगाडि बढ्छ नत्र संवैधानिक व्यवस्थाअनुसार सरकार गठनको अर्को प्रकृया सुरु हुन्छ", उहाँले भन्नुभयो। मन्त्री थापाले पनि मध्यावधि चुनावको सम्भावनालाई नकार्न नसकिने धारणा राख्नुभयो। "राप्रपाले नयाँ गठबन्धनलाई साथ दिएमा सरकार बन्न सक्छ, नत्र प्रदेश सरकारको गठन सहज देखिन्न, मध्यावधि चुनावमा पनि जानसक्छ", उहाँले भन्नुभयो। मन्त्री थापाले केन्द्रमा हुने सरकार फेरबदलले प्रदेशमा पनि राजनीतिक अस्थिरता निम्ताएको बताउनुभयो।

विसं २०७४ मा प्रदेश स्थापना भएयता गण्डकीमा पाँचवटा सरकार बनिसकेका छन् । यसअघि एमालेका पृथ्वीसुब्बा गुरुङ, खगराज अधिकारी र नेपाली कांग्रेसका कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बन्नुभएको थियो । गोरखा-२ (२) बाट प्रदेशसभामा निर्वाचित मुख्यमन्त्री पाण्डेले गत वैशाखमा सरकारको नेतृत्व सम्हालनुभएको थियो।

## पोखरा महानगरपालिकाद्वारा कृषि उपजको समर्थन मूल्य प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखरा महानगरपालिकाले उत्पादन लागतमा नोक्सानी व्यहोरेका १६ कृषि फार्मलाई न्यूनतम समर्थन मूल्य प्रदान गरेको छ।

महानगरपालिकाले विभिन्न ३५ प्रकारका कृषि उपजको समर्थन मूल्य तोकेको छ। पोखरामा बुधबार आयोजित कार्यक्रममा महानगर प्रमुख धनराज आचार्यले किसानलाई रकम प्रदान गर्नुभएको हो। महानगरले ६० हजार चार सय ४१ केजी च्याउ, २५ हजार चार सय १७ केजी गोलभैँडा, नौ हजार पाँच सय २० केजी सिमी र दुई सय ९१ केजी कोदो गरी ९५ हजार छ सय ६९ केजी कृषि उपजको रु २६ लाख ७९ हजार सात सय ६१ समर्थन मूल्य प्रदान गरेको हो। पोखरा महानगरपालिकाभित्र उत्पादन भएका तर तोकिएको मूल्य नपाएका किसानलाई प्रोत्साहनका लागि समर्थन मूल्य प्रदान गरिएको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले बताउनुभयो । उहाँका अनुसार बाहिरबाट आउने उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा किसान विस्थापित हुँदै गएकाले त्यसलाई रोक्न महानगरले ३५ कृषि उपजको समर्थन मूल्य तोकेको उल्लेख गर्नुभयो । यदि किसानले आफ्ना उत्पादन समर्थन मूल्यभन्दा कममा बेच्नुपरेमा महानगरले बाँकी रकम किसानलाई दिन्छ । न्यूनतम समर्थन मूल्य तोकिएका बालीको दाबी गर्नका लागि किसानले आफूले लगाएको बालीको नाम, जात र क्षेत्रफल अग्रिमरूपमा दर्ता गर्नुपर्छ। न्यूनतम समर्थन मूल्य प्राप्त गर्ने किसानमा चिसापानी च्याउ फार्म पोखरा-२२ का सन्दीपबहादुर क्षेत्रीले समर्थन मूल्यबापत ११ हजार एक सय ६६ केजी च्याउको रु चार लाख ८५ हजार नौ सय ४० प्राप्त गर्नुभयो। भुर्जङ्खोला च्याउ फार्म पोखरा-१९ का सुष्मा सुनार गहतराजले सात हजार पाँच सय ६० केजी च्याउको रु तीन लाख ६२ हजार नौ सय २०, शोभा अर्ग्यानिक मल्टिएग्रो फार्म पोखरा-२६ का मुकुन्द खड्काले नौ हजार सात सय १४ केजी च्याउको रु तीन लाख १७ हजार ४४, ग्रिन लाइम मसरुम फार्म पोखरा-२४ का चोविन्द्रबहादुर कुँवरले रु तीन लाख एक हजार सात सय ४० पाउनुभएको छ।

यसैगरी सुवेदी च्याउ तथा तरकारी फार्म पोखरा-३३ का प्रताप सुवेदीले नौ हजार एक सय १३ केजी च्याउको रु तीन लाख आठ सय २२, काँहु सिस्नेरी एग्रो फार्म पोखरा-११ का ध्रुवबहादुर थापाले पाँच हजार दुई सय २५ केजी च्याउको रु एक लाख ७४ हजार दुई सय २६, भोर्लेटार च्याउ उद्योग पोखरा-३२ का मनोरञ्जन पौडेलले छ हजार दुई सय तीन केजी च्याउको रु एक लाख ६८ हजार सात सय छ पाउनुभएको छ। अधिकारी अर्ग्यानिक च्याउ फार्म पोखरा-१४ का मीना अधिकारीले दुई हजार सात सय २४ केजी च्याउको रु ८३ हजार चार सय ४४ र विमु अधिकारी च्याउ फार्म पोखरा-१४ का हरिमाया अधिकारीले एक हजार दुई सय ५६ केजी च्याउको रु ४९ हजार छ सय महानगरबाट समर्थन मूल्य प्राप्त गर्नुभएको हो । यसैगरी एसके कँडेल कृषि फार्म पोखरा-२८ का सन्तोष कँडेलले तीन हजार नौ सय ५० केजी सिमीको रु ६९ हजार नौ सय ५०, पोखरा कुखुरा तथा कृषि फार्मका रिलेस बस्यालले तीन हजार छ सय ७० केजी सिमीको रु ६२ हजार आठ सय ९०, राति पोखरी कृषि फार्म पोखरा-२२ का अग्निमाया बरालले आठ सय २५ केजी सिमीको र एक हजार सात सय ५४ केजी गोलभैँडाको रु ३५ हजार चार सय २१, निलम कृषि फार्म पोखरा-१४ का यामबहादुर घर्तीले दुई हजार ६७ केजी गोलभैँडाको रु २३ हजार चार सय ७५ बुझ्नुभयो। रोशन एण्ड रोहित कृषि फार्म पोखरा-१४ का रमेश खनालले २१ हजार तीन सय १४ केजी गोलभैँडाको रु दुई लाख १९ हजार तीन सय २९, पोखरा हिमाल कृषि फार्म पोखरा-१४ का बुद्ध गुरुङले एक हजार ७५ केजी सिमी र दुई सय ८२ केजी गोलभैँडाको रु १५ हजार पाँच सय २४ र हरियाली कृषि फार्म पोखरा-३३ का शुकदेव सुवेदीले दुई सय ९१ केजी कोदोको रु आठ हजार सात सय ३० पाउनुभयो। किसानलाई समर्थन मूल्य प्रदान गर्दै प्रमुख आचार्यले महानगरपालिका किसानको साथमा रहेको बताउनुभयो । "कृषि उपजको सुरक्षित ढुवानीका लागि सञ्चालन गरिएको कृषि एम्बुलेन्स र समर्थन मूल्य कृषि व्यवसाय र किसानका लागि निकै महत्त्वपूर्ण छन्", प्रमुख आचार्यले भन्नुभयो । कृषि व्यवसायमा लागेका किसान हतोत्साहित हुन नपरोस् भनी यसलाई थप प्रभावकारी बनाइएको महानगरले जनाएको छ । समर्थन मूल्य प्राप्त गरेपछि किसानले कृषि व्यवसायका क्रममा आफूले व्यहोर्नुपरेको नोक्सानीमा मल्हम लगाउन महानगरपालिका सारथी बनेको र यसले आफूहरूलाई प्रोत्साहन मिलेको किसानहरूको भनाइ छ।

## प्रधानमन्त्रीले एकपक्षीय ढंगले गठबन्धन तोड्नुभयोः कांग्रेस

**रासस**
काठमाडौं, २४ फागुन

नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एकपक्षीय ढङ्गले गठबन्धन तोडेको प्रतिक्रिया दिएको छ।

कांग्रेस संसदीय दलको आजको बैठकले गरेका निर्णयबारे जानकारी गराउँदै कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले बैठकले कांग्रेस गठबन्धनप्रति सदैव इमान्दार र प्रतिबद्ध रहेको र सहमतिअनुसार पालना गर्दै आएको भए पनि प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष दाहालले एकपक्षीय ढङ्गले गठबन्धन तोड्नुभएको बताउनुभयो । विगतमा संविधानको रक्षा र लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरणका लागि कांग्रेसले विभिन्न दल सम्मिलित गठबन्धन बनाएको र सोहीअनुसार निर्वाचनमा भाग लिएको प्रमुख सचेतक लेखकको भनाइ थियो । पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकले पछिल्लो समयमा परिवर्तित राजनीतिक घटनाक्रमबारे छलफल गर्दै माओवादी केन्द्रका अध्यक्ष दाहाललाई सरकार गठनमा दिएको समर्थन फिर्ता गर्ने निर्णय गरेको छ । साथै सरकारबाट कांग्रेसले समर्थन फिर्ता लिएको र सोबारे सभामुखलाई आजै जानकारी गराउने पनि प्रमुख सचेतक लेखकले जानकारी दिनुभयो । बैठकले सङ्घीय संसद्मा प्रमुख प्रतिपक्षी दलका हैसियतमा रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाह गर्ने निर्णयसमेत गरेको र आफ्ना सांसदलाई सदनमा जनजीविकाका सवालमा प्रभावकारीरुपमा प्रस्तुत हुन निर्देशन गरेको छ। नेपाली कांग्रेस प्रतिनिधिसभाको ठूलो दल हो।

## गण्डकीको अधिवेशन ३ दिन चलेर अन्त्य

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

गण्डकी प्रदेश सभाको हिउँदे अधिवेशन ३ दिन चलेर अन्त्य भएको छ।

गण्डकी प्रदेश मन्त्रिपरिषद्ले अधिवेशन अन्त्य गर्न बिहीबार प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई सिफारिस गरेको हो।

शुक्रबार रातिदेखि लागू हुने गरी अधिवेशन अन्त्य भएको सूचना संसद सचिवालयलाई पठाएको संसद सचिवालयका सूचना अधिकारी प्रेम अधिकारीले जानकारी दिए। फागुन १६ गतेदेखि सुरु भएको गण्डकीको हिउँदे अधिवेशनमा २० र २१ गते पनि बैठक बसेको थियो।

आमसञ्चार विधेयक र बिउविजनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित भएसँगै अधिवेशन पनि अन्त्य भएको हो। प्राइभेट फर्म दर्ता ऐन २०७८ लाई संशोधन गर्न बनेको विधेयक र सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मतसम्भार गर्न बनेको विधेयक छलफलका लागि पेश भएको थियो। सत्ताको रस्साकस्सीबीच अधिवेशन अन्त्य गरिनुलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।प्रदेश मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मंगलबार २ जना माओवादी मन्त्रीलाई बर्खास्त गरेका थिए भने माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । अल्पमतमा रहेका मुख्यमन्त्री पाण्डेले ३० दिनभित्र संसदबाट विश्वासको मत लिनुपर्ने हुन्छ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# पोखरामा प्रादेशिक ललितकला प्रदर्शनी सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखरामा यही फागुन १९ गतेदेखि सुरु भएको 'गण्डकी प्रदेश प्रादेशिक ललितकला प्रदर्शनी २०८०' सकिएको छ।

पोखरा नयाँबजारमा रहेको पोखरा आर्ट ग्यालरीको प्रदर्शनी हलमा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र गण्डकी प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा प्रदर्शनी भएको थियो। सिर्जनशील कलाकार समूहसँगको सहकार्यमा सुरु भएको यो प्रदर्शनी पाँच दिनसम्म सञ्चालन भएको हो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा महानगरपालिका कला, भाषा, साहित्य, संस्कार र संस्कृतिको पक्षमा सकारात्मक रहेको बताउनुभयो । "मैले पदभार ग्रहण गरेको २० महिना भयो । अहिलेसम्म एकजना पनि प्रस्ताव लिएर आउनुभएको छैन्", उहाँले भन्नुभयो, "प्रस्ताव लिएर आउनुस् मिलेर काम गरौं ।" महानगरको स्थापना दिवसका अवसरमा पृथ्वीचोकमा कोसेलीघरको शिलान्यास गरिने र यसमा पुस्तकालय र आर्ट ग्यालरी राखिनेसमेत उहाँले जानकारी दिनुभयो । कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हर्तम्छालीले 'सामाजिक रुपान्तरण : ललितकलाको अभियान' भन्ने नाराका साथ कार्यक्रम गरिएको बताउनुभयो । प्रतिष्ठानको काम व्यवस्थित गर्ने र प्रभावकारी बनाउने हेतुले थुप्रै योजना अगाडि सारेको कुलपति हर्तम्छालीले बताउनुभयो।

सोही कार्यक्रममा साहित्यकार तीर्थ श्रेष्ठले प्रदर्शनीले कलाको गुणस्तर वृद्धि भएको बताउनुभयो । यसले जीवनसँग जोडिएका कलालाई समयको दस्तावेजका रूपमा राख्न सक्नुपर्नेमा उहाँको जोड थियो। पोखरा महानगरपालिकाले मायाको चिनो र कोसेलीका रूपमा कलाकारको तस्वीर तथा कलाकृति दिन साहित्यकार श्रेष्ठले सुझाव दिनुभयो।

प्रदर्शनीमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका कलाकारका ७४ वटा कला प्रदर्शनमा राखिएको गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्रादेशिक प्रदर्शनीमा सामेल भएकामध्ये ३५ कलाकृति काठमाडौंमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीका लागि छनोट भएका छन्।

राष्ट्रिय ललितकला प्रदर्शनीमा सर्वोत्कृष्ट बन्नेलाई रु एक लाख नगद र विधागत उत्कृष्ट बन्नेलाई रु ६० हजार नगद पुरस्कार रहेको छ। राष्ट्रिय ललितकला प्रदर्शनीमा सातै प्रदेशबाट छानिएका ललितकलाका बीचमा प्रतिस्पर्धा हुनेछ।

# कास्की झोवाङको शीतल गुफामा प्रबेश गर्दा अब भने शुल्क लाग्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



कास्कीको झोवाङमा रहेको शीतल गुफामा अब भने प्रबेश गर्दा पर्यटकहरुलाई शुल्क लाग्ने भएको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका-५ झोवाङमा रहेको उक्त गुफा अवलोकनको लागि आवश्यक भौतिक संरचनाहरु निर्माण गरेसंगै चैत महिनाको पहिलो साता देखि प्रबेश शुल्क लिने तयारी गरिएको शीतल गुफा धार्मिक तथा पर्यटकीय विकास संस्थाले जनाएको छ।

महाशिवरात्रि पर्व धुमधामका साथ मनाएसंगै केही दिन आन्तरिक व्यबस्थापन गरी चैत पहिलो साता देखि नै शीतल गुफा प्रबेश गर्दा प्रबेश शुल्क प्रति पर्यटक ५० रुपैया लिने भएको शीतल गुफा धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष सदाखर पौडेलले बताउनु भयो। पोखरा बागलुङ सडकखण्ड नयाँपुल नजिक रहेको उक्त गुफा प्रचुर पर्यटकीय सम्भावना रहेर पनि छायामा परेको उहाँको भनाई थियो। हिजोआज दैनिक जसो फाट्य फुट्य २/४ जना पर्यटकहरुको आगमन हुन सुरु भएको उक्त गुफामा अब हजारौं पर्यटक भित्राउने आफुहरुको योजना रहेको अध्यक्ष पौडेलले बताउनु भयो । उक्त गुफा भित्रको सिढी निर्माण गर्न कास्कीको अन्नपूर्ण गाउँपालिकाको बिषेश सहयोग प्राप्त भएको उहाँको भनाई थियो। त्यसै गरी उक्त क्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा विभिन्न दाता सहित वडा, पालिका, प्रदेश र संघिय सरकार तथा जनप्रतिनिधिहरुको सहयोग रहेको संस्थाले जनाएको छ। देशका अन्य गुफा भन्दा नितान्त फरक गुफा भयर पनि प्रचार प्रसारको अभावमा छायामा परेको उक्त गुफा क्षेत्रमा करिब एक करोड भन्दा बढीको भौतिक संरचना निर्माण भएकोले अब यसको व्यवसायीक रुपमा अघि बढाउदै लैजाने आफुहरुको योजना रहेको अध्यक्ष पौडेलले बताउनु भयो । पोखरा-बागलुङ सडकखण्डको झुवारी खोला पुलसँगै सुगम स्थानमा रहेको प्राचीन गुफामा आवश्यक भौतिक संरचनाको विकास सहित गुफा भित्र बिद्युत सेवा समेत संचालन गरिएको छ। दुई सय पचास मिटर लम्बाइको सो गुफाको प्रवेशद्वारमा परम्परागत कुटानीपिसानीका साधन ढिकी र जाँतो, १०८ पाला, पञ्चेबाजा लगायत केही भित्र गएपछि शिव, सिद्धिविनायक, बूढानीलकण्ठ विभिन्न देवदेवीका आकृति स्पष्ट देख्न सकिने अध्यक्ष पौडेलले दाबी गर्नु भयो । लाइट वाल्दा गुफामा अचम्मको चमक टिलिकटिकल टल्कने उहाँले जनाउनु भयो। गुफा संरक्षणमा अब सुरक्षाकर्मी समेत आवश्यक भएको संस्थाको माग रहेको छ । २०३७ सालमा शीतला मावि विरेठाँटीका तत्कालिन प्रध्यानाध्यापक शिव पौडेल विद्यार्थी सहित पहिलो पटक प्रवेश गरेपछि मात्रै गुफा पत्ता लागेको थियो । सडकदेखि ५० मिटरको दूरीमा रहेको गुफासम्म पुग्न पदमार्ग, आवश्यकता अनुसार फलामे भर्याङ, प्रवेशद्वारमा फलामे च्यानल गेट निर्माण भएको छ । गुफा परिसरमा पार्किङ एवम् गुफामा आउने पर्यटकको सुविधाका लागि खानेपानी, मन्दिर, १ सय ८ धारा, कार्यालय भवन, ट्रस, शौचालय लगायतका भौतिक संरचना निर्माण भएको छ । पोखराको मुख्य बजारबाट देखि करिब ४२ किलोमिटरको दूरीमा रहेको सो गुफाभित्र चमेरा समेत रहेका छना सो गुफामा विशेषगरी परम्परादेखि नै बालाचतुर्दशीमा सद्बीज छर्ने र महाशिवरात्रिमा गाईको दूध चढाउने श्रद्धालु भक्तजनहरुको भीड लाग्ने गर्छ।

# छ जना आमालाई जननी आमा अवार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

रेडियो जननीले ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर पोखराका ६ आमालाई आमा अवार्ड प्रदान गर्ने भएको छ। पहिलो आवाज उद्यमशीलताका लागि दोस्रो आवाज स्वतन्त्रताका लागि, तेस्रो आवाज समानताका लागि भन्ने उद्घोषका साथ सञ्चालित रेडियोले यसै वर्षबाट आमा अवार्ड वितरण गर्न लागेको हो।

विगतका वर्षमा पनि आमा सम्मान गर्दै आएकोमा संस्थाले यसै वर्षबाट आमा अवार्ड वितरण शुरु गरेको जनाएको छ । उक्त अवार्ड ९५ वर्ष माथिका आमाको रेखदेख गरिरहेका छोराछोरी, दाजुभाइ तथा दिदीबहिनीका परिवारलाई प्रदान गर्न लागिएको आमा अक्षयकोषका संरक्षक तथा पद्मावती मिडिया प्रा.लि.का अध्यक्ष हिरा भट्टराईले जानकारी दिइन् । आमाको पालनपोषण महत्वपूर्ण कार्य हो।

वर्तमानमा आमालाई वृद्धाश्रम छोड्ने प्रवृत्ति देखिन थालेको अवस्थामा संस्थाले आमाको सम्मानका खातिर परिवारलाई अवार्ड प्रदान गर्न लागेको उनले थपिन् । भट्टराई भन्छिन्– 'संस्थाका शुभेच्छुक शुभचिन्तकले आफन्तजनको स्मृति र सम्मानमा स्थापना गरेको अक्षयकोषको व्याजबाट पहिलोपटक मिडिया हाउसले उक्त सम्मान प्रदान गर्न लागेको हो ।' उक्त अवार्डका लागि मानवअधिकार पत्रकार संघ हुर्जा गण्डकीका अध्यक्ष असफल गौतमको संयोजकत्वमा गठित तीन सदस्य समितिले जुन वडाका दाताले अक्षयकोष स्थापना गरे त्यही वडाका आमाको परिवारलाई सम्मान गर्ने कार्यविधि बनाएर प्रतिभा छनौट गरेको हो।

वडा कार्यालयको समन्वयमा ९५ वर्ष माथिका आमाको सूची तयार गरी मनोनयनमा परेका १९ आमामध्येबाट छ जनालाई छनौट गरिएको संयोजक असफल गौतमले जानकारी दिए । मनोनयनमा परेका प्रत्येक परिवारका घरको अवस्था केलाएर रेडियोमा आमा अक्षयकोष स्थापना भएका कास्की जिल्लाका वडा नं. ४, ६, १४ र १६ का परिवारलाई यसरी सम्मानित गर्न लागिएको छनौट समितिकी सदस्य सम्झना थापा बताउँछिन् । जसमा पोखरा-१६ बाटुलेचौर निवासी चित्राकुमारी थापा, पोखरा १४ निवासी मन्धरा गुरुङसेनी, पोखरा-६ का असली लामिछाने, नन्दकली पौडेल, सुकमाया सुनार्नी, पोखरा-४ की उमादेवी गोथाजुका परिवार रहेका छन् । वडा ६ बाट तीन वटा आमा अक्षयकोष भएकाले उक्त वडाबाट तीन जना परिवार परेको समितिले जनाएको छ । उनीहरुलाई सम्मानपत्र, दोसल्लासहित आकर्षक अवार्ड प्रदान गर्न लागिएको हो । उक्त अवार्ड यही मार्च ८ अर्थात् फाल्गुन २५ गतेका दिन शुक्रबार बिहान १२ बजेबाट माउण्ड कैलाश रिसोर्टमा वितरण गरिने जनाइएको छ।

# हरियोखर्क अस्पतालमा आधारभूत कुष्ठरोग तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन



हरियोखर्क अस्पतालमा ३ दिने आधारभूत कुष्ठरोग तालिम प्रदान गरिएको छ।

सामुदायिक आउट रिच परियोजना हरियोखर्क अस्पताल आइ एनएफ नेपाल र स्वास्थ्य कार्यलय कास्कीको आयोजनामा कार्यक्रम भएको परियोजनाका आउट रिच म्यानेजर ताराहाङ तावाले जानकारी दिए।

समुदायका कुष्ठरोग पत्ता लागाउने,उपचार गर्ने,अपाङ्गता हुनबाट बचाउने र समयै उपचार गराउन स्वस्थ्यकर्मिहरुलाई सहजता होस भन्ने उद्देश्यले तालिम आयोजना गरिएको तावाले बताए। फागुन २२ बाट २४ गते सम्म आयोजना भएको तालिमा क्षयकुष्ट फोकल पर्सनहरु कास्की जिल्लाका २० ,कपिलवस्तुका ५ र हरियोखर्क अस्पतालका ७ जनाको सहभागिता रहेको थियो। जिल्ला स्वास्थ्य कार्यलय कास्कीका प्रमुख रामबहादुर नेपालीले तालिमले स्वास्थ्कर्मीहरुलाई समुदायमा क्षय,कुष्ठरोग पत्ता लगाउन सहयोग पुग्ने बताए ।तालिमबाट प्राप्त ज्ञानलाई उपयोग गर्न उनको आग्रह थियो।

तालिम सहजकर्ताहरु कास्की जिल्लाका क्षयकुष्ठ अधिकृत लक्ष्मण बस्यौला,आइ एनफए हरियोखर्कका डा.सुमन तामाङ,स्वास्थ्य तालिम केन्द्र गण्डकीका निमित्त महानिर्देशक रमेश प्रसाद अधिकारी,छाला रोग बिशेषज्ञ डा.नम्रता बस्नेत,प्रकाश कार्की,रमेश शर्मा,सुरज महर्जन,शारदा रानाभाट,फिजियो थेरापिष्ट सुरविर सुर्यवस्ती,प्रेम बस्याल,काउनसिलरस्थपरियार,अकुपेशन थेरापिष्ट दोरोथी दास लगाएत रहेका थिए।

# परिवार नियोजन संघमा महिला स्वयंसेविका सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन




नेपाल परिवार नियोजन संघ कास्कीले लामो समयदेखि कार्यरत महिला स्वयंसेविकालाई सम्मान गरेको छ।

११४ औं अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा आठ जनालाई सम्मान गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल परिवार नियोजन संघका महासचिव अर्जुन सिग्देल, कास्की सभापति नवीन सिग्देल, कोषाध्यक्ष विष्णु प्रसाद दाहालले उहाँहरुलाई संयुक्त रुपमा सम्मान गर्नुभएको थियो।

सम्मानित हुनेहरुमा चन्द्रा बास्तोला, विमला भण्डारी, रुकमाया पुन, ओम कुमारी गुरुङ, रत्न कुमारी चापागाई, शान्ति अधिकारी, सिता पौडेल र सरु श्रेष्ठ हुनुहुन्छ। कार्यक्रममा बोल्दै महासचिव अर्जुन सिग्देलले समाज निर्माणमा महिलाहरुको महत्वपूर्ण योगदान रहेको बताउनुभयो।

कास्की शाखा सभापति नवीन सिग्देलले परिवार नियोजन संघ सबैसँग सहकार्य गर्दै अगाडी बढ्न चाहेको उल्लेख गर्नुभयो। संघका शाखा प्रवन्धक नवराज तिवारीले संघका योजना निर्माणमा महिला स्वयंसेविकाले निर्वाह गरेको भूमिकाको चर्चा गर्नुभयो।


त्यस अवसरमा स्वयंसेविका सिता पौडेल, रुकमाया पुन र स्टाफ नर्स अनुषा भुजेलले बोल्नुभएको थियो।

कार्यक्रममा लामो समय सेवा पछि अवकाश लिनुभएका लेखापाल मिन नारायण श्रेष्ठ र क्लिनिक हेल्पर हरि आचार्यलाई बिदाई गरिएको थियो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शान्ति आविको ६७ औँ वार्षिकोत्सवमा विभिन्न व्यक्तित्वलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखरा महानगरपालिका, वडा नम्बर ३०, शिशुवामा सञ्चालित शान्ति आधारभूत विद्यालयले आफ्नो ६७ औँ वार्षिकोत्सव तथा अभिभावक दिवसमा विभिन्न व्यक्तिलाई सम्मान गरेको छ ।



विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त अधिकारीको अध्यक्षतामा बुधबार विद्यालय प्राङ्गणमा भएको कार्यक्रममा वडा नम्बर ३० का वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीलगायतले विद्यालयका संस्थापक प्रधानाध्यापक, अध्यक्ष, शिक्षकलगायत हालसम्म योगदान गर्ने व्यक्तिहरूलाई विद्यालयका तर्फबाट सम्मान गरेका हुन् । दिवङ्गत भएका पूर्व प्रअहरू सारु मगर, केशवलाल भुजेल, खिलनाथ पराजुली, ओमनाथ बाँस्तोला र लोकबहादुर ताम्राकार तथा पूर्व अध्यक्षहरू दिननाथ त्रिपाठी, झलकनारायण श्रेष्ठ, हर्कबहादुर श्रेष्ठ, नारायणदत्त गौतम र बद्रिनाथ अधिकारीको मरणेपरान्त सम्मान परिवारलाई हस्तान्तरण गरिएको थियो । सम्मानित हुने अन्य व्यक्तिहरूमा पूर्व अध्यक्षहरू दयाराम न्यौपाने, दिननाथ च्वाईँ, टीकाराम बाँस्तोला, बुद्धिनाथ जमरकट्टेल, भुवानीप्रसाद बाँस्तोला, बाबुराम ढकाल, भवानीप्रसाद अधिकारी, शिक्षक अभिभावक सङ्घका पूर्व अध्यक्षद्वय बाबुराम थापा र नन्दबहादुर गुरुङ, पूर्व प्रअहरू अर्जुन बन्जारा, इमनाथ च्वाईँ र अमृता न्यौपाने तिवारी तथा हाल कार्यरत शिक्षकहरू भवानीप्रसाद सुवेदी र विमला शर्मा रहेका छन् । कार्यक्रममा प्रमुख अतिथि पोखरा-३० का वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीले मुलुकका लागि आवश्यक जनशक्तिको पूर्ति गर्ने अधिकांश सामुदायिक विद्यालयकै उत्पादन भएकाले सामुदायिक विद्यालयको शिक्षा सुधारमा विशेष जोड दिनुपर्ने बताए । युवा जनशक्तिलाई देशमै बस्ने अवस्थाको सिर्जना गर्नका लागि सबै तहका सरकारले पहल गर्नुपर्ने भन्दै सुवेदीले वर्तमान समयमा कृषि र नैतिक शिक्षामा लगानी गर्नुपर्ने धारणा राखे । उनले वडा नम्बर ३० ले आगामी आर्थिक वर्षदेखि नैतिक शिक्षा र व्यावहारिक शिक्षाका लागि वडाभित्रका विद्यालयमा कम्तीमा पनि हप्ताको १ पिरियड कक्षा सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा पोखरा महानगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत बद्रिनाथ सुवेदीले आजको सिकाइ विद्यालयको चौघेरामा मात्र सिमित नरहेको भन्दै यस्ता औपचारिक कार्यक्रम सिकाइको महत्वपूर्ण माध्यम बन्ने धारणा राखे । विद्यालयका प्रधानाध्यापक मनिराम कडेलले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको शैक्षिक उन्नतिका लागि विभिन्न कार्ययोजनाहरू प्रस्तुत गरे । कार्यक्रममा वडा सदस्य तथा विद्यालय व्यवस्थाप समितिका सदस्य विनोदप्रसाद लामिछाने, वडा सदस्य उमा परियार, लक्ष्मीआदर्श माविका प्रधानाध्यापक रवीन्द्रनाथ भट्टराई, शिवशक्ति माविका प्रधानाध्यापक शम्भुराज बाँस्तोला, शिवालय मावि, रूपाका प्रधानाध्यापक रुपिन्द्र प्रभावी, लक्ष्मी माविका सहायक प्रधानाध्यापक विष्णुप्रसाद तिवारी, नेपाली काङ्ग्रेस वडा नं. ३० सभापति ध्रुवराज न्यौपाने, लेखनाथ साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष मुरारी शर्मा, शिक्षक अभिभावक सङ्घकी अध्यक्ष कल्पना पौडेललगायतले शुभकामना दिएका थिए ।

कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक भवानीप्रसाद सुवेदीले गरेका थिए भने शिक्षक तारादेवी सुवेदी र विद्यार्थी दिया नेपालीले स्वागत मन्तव्य राखेका थिए । सो अवसरमा विद्यार्थीहरूले सांस्कृति प्रस्तुति राखेका थिए भने खेलकुद प्रतियोगिताका विजेता र शैक्षिक सत्र २०७९ का उत्कृष्ट विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो ।

# सरस्वती, अम्बिका मन्दिर तथा आत्मज्ञान केन्द्रको पुनः निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ फागुन

पोखराको बाटुलेचौरमा रहेको प्राचिन धार्मिक सम्पदा सरस्वती, अम्बिका मन्दिर तथा आत्मज्ञान केन्द्रको पुनः निर्माण कार्य सम्पन्न भएको छ ।

संरक्षण र वजेटको अभावमा लामो समय देखि जीर्ण रहेका उक्त सम्पदाको गण्डकी प्रदेश सरकार र स्थानियको सहयोगवाट पुर्ननिर्माण गरिएको पुर्ननिर्माण समितिका अध्यक्ष दीपेन्द्र बस्नेतले जानकारी दिए ।

परापुर्व काल देखि नै अमाली बिसौनीमा रहेको उक्त सम्पदा संरक्षणमा स्थानियले चासो देखाए पनि आर्थिक अभावले काम हुन नसकेकोमा प्रदेश सरकारको सहयोगमा सो कार्य भएको अध्यक्ष बस्नेतले वताए ।तत्कालिन भौतिक योजना तथा पुर्वाधार विकास मन्त्री कुमार खड्काको पहलमा विनियोजित ५ लाख ७५ हजार र स्थानियवाट संकलित करिव ११ लाख गरी १६ लाखमा मन्दिर पुर्न निर्माण, वरपरको क्षेत्र सौन्दर्यकरण तथा आत्मज्ञान केन्द्रको पुर्न निर्माण गरिएको समितिले जनाएको छ ।



मन्दिरसँगैको भागमा लोप हुने अवस्थामा पुगेको ढिंकी र नाग मुर्ति पनि स्थापना गरिएको छ । उक्त सम्पदाको आगामी चैत ३ गते विशेष समारोहको आयोजना गरी उद्घाटन गर्ने तयारी शुरु गरिएको समितिका सचिव खगेन्द्र थापाले जानकारी दिए ।

पुर्व मन्त्री कुमार खड्काको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा सहयोग दातालाई सम्मान गरिने समेत बताईएको छ ।उद्घाटनको तयारी तिव्र पारिएको र सहयोगदातासंग समन्वय भईरहेको समितिले जनाएको छ । मन्दिर र केन्द्रको पुन निर्माण पछि नित्य पुजाआजा गर्न र प्रवचन सुन्न भक्तजनलाई सहज भएको छ ।

# सात दशक नाघेका रामबहादुरको लोभलाग्दो कागती खेती

**पोखरापत्र संवाददाता**
पर्वत, २४ फागुन

उमेरले ७० वर्ष पुगिसकेको छ । आगामी आर्थिक वर्षदेखि सामाजिक सुरक्षा भत्ता दिलाउन स्थानीय वडा कार्यालयले सिफारिस गरिसकेको छ । तर पर्वतको कुश्मा नगरपालिका-९ कटुवाचौपारीका ७० वर्षीय रामबहादुर पौडेल क्षेत्रीको जोश जाँगर भने २०/२२ वर्षे तन्नेरीको जस्तै छ । बिहान उठेदेखि राति अबेरसम्म उहाँ कागती बगानमा मेहनत गरिरहनुहुन्छ । घर वरिपरि रहेको २० रोपनी क्षेत्रफलमा लगाइएका कागती गोडमेल गर्ने, काँटछाट, मल बीउ हाल्ने र फल टिप्ने तथा बेच्ने काममा उहाँलाई भ्याइनभ्याइ छ ।

कटुवाचौपारी धानबालीका लागि जिल्लाकै अब्बल भूमि हो । समथर भुभागमा रहेको यो ठाउँ तराईजस्तै छ । तर उहाँले विगत १० वर्षदेखि धान रोप्न छाडेर एक हजार बिरुवा कागती लगाउनुभयो । नगदे बालीको रुपमा रहेको कागती र जिल्लामै पहिलोपटक व्यावसायिक रुपमा आफैँले थालेको कुरिलो खेतीबाट वार्षिक रु १० लाखभन्दा बढी आम्दानी गर्दै आउनुभएको छ । लामो समय काठमाडौँमा बसेर व्यापार गर्नुभएका क्षत्री ६० वर्षको उमेरमा काठमाडौँ छाडेर गाउँ फर्किनुभएको थियो । गाउँ फर्केपछि व्यावसायिक रुपमा कृषि पेसामा लाग्नुभएको हो । काठमाडौँ बस्ने क्रममा बोटानिस्ट डा खेमराज भट्टराईसँग भेट भयो । डा भट्टराईले कटुवाचौपारीको भौगोलिक अवस्थाका बारेमा रामबहादुरसँग सोधपुछ गरेपछि त्यहाँको माटोमा केही गर्न प्रेरणा दिनुभयो । पुर्खाले आर्जेको माटोमा आफैँ नङ्ग्रा खियाउने अठोटका साथ रामबहादुरले काठमाडौँको व्यवसाय छाडेर गाउँमा फर्किनुभयो । विसं २०७० मा रामेछापको मन्थलीबाट बिरुवा ल्याएर रोप्नुभएका क्षत्रीको बगैँचामा कागतीका करिब एक हजार बोट छन् । माछापुच्छ्रे कागती उत्पादन फार्म सञ्चालन गरेर व्यवसाय थाल्नुभएका क्षत्रीले सुरुमा बिरुवा हुर्कनको लागि समय लागेको, फाटफुट रुपमा बिक्री भएको भए पनि पछिल्ला तीन वर्षयता ४० क्विन्टलको हाराहारीमा कागती बिक्री वितरण गर्दै आउनुभएको छ । उहाँले प्रतिकिलो रु दुई सय खुद्रा र होलसेलमा रु एक सय ८० मा बिक्री गर्ने गरेको बताउनुभयो । अहिले बजारको समेत समस्या नरहेको र घरबाटै बिक्री हुने उहाँले बताउनुभयो । गत वर्ष भने असिनाले कागतीमा क्षति गरेकाले यस वर्ष उत्पादन केही घटेको उहाँको भनाइ छ । आफ्नो बगैँचामा कुनै प्रकारको रासायनिक पदार्थ (विषादी मल) को प्रयोग नगरेको बताउने क्षत्रीले कागतीका बिरुवासमेत उत्पादन गर्न थाल्नुभएको छ । काँचो रस बिक्री नभए पकाएर चुक बनाएर बेच्ने । यसको बोत्राबाट स्वादिलो क्यान्डी बन्छ । उहाँले गत वर्ष मात्रै कागतीका चार हजार बिरुवा बिक्री गर्नुभएको थियो । यस वर्ष १४ हजार बिरुवा तयार गरेको उहाँले बताउनुभयो । कृषि ज्ञान केन्द्र पर्वतले कागतीको स्रोत केन्द्रको रुपमा उहाँको फार्मलाई छनोट गरेको छ ।

कागतीसँगै क्षत्रीले २०७५ सालबाट कुरिलो खेती सुरु गर्नुभएको छ । कागतीका बोटका बीचमा रोप्दा पनि हुने भए पछि उहाँले कुरिलोका लागि नयाँ जग्गा प्रयोग गर्नुपरेन । कुरिलोको डेढ किलो बीउलाई नौ हजारमा ल्याएका उहाँले त्यो बीउबाट पाँच हजार बिरुवा तयार बनाउनुभयो । उहाँको बगैँचामा अहिले कुरिलोका १५ हजार बिरुवा पुगेका छन् भने यही वर्ष १० हजार बिरुवा थप गर्ने योजना रहेको क्षत्रीले बताउनुभयो । कुरिलो बिक्री गरेर प्रत्येक छ महिनामा सन्तोषजनक आम्दानी भइरहेको उहाँको भनाइ छ ।

सुरुमा आयुर्वेदिक औषधि निर्माण गर्ने काठमाडौँका कम्पनीमा कुरिलोको जरा बिक्री गरेका उहाँले आजभोलि भने कुरिलोको टुसा घरबाटै बिक्री गर्दै आउनुभएको छ । जति धेरै टुसा निकाल्न सक्यो उति नै नयाँ टुसा पलाउँदै जाने भएकाले बगैँचामा जति समय दिन सक्यो उति नै धेरै आम्दानी बढ्दै जाने उहाँको भनाइ छ । पोखरा-काठमाडौँका बजारमा धेरै मूल्यमा टुसा बिक्री हुने गरेको भए पनि आफूले प्रतिकिलो रु एक हजारका दरमा बिक्री गर्दै आइरहेको पौडेलले बताउनुभयो । कागतीलाई गोडमेलले नै कुरिलोको पनि स्याहार हुँदा दुवै खेती फस्टाएकाले पनि आफूलाई यसमा प्रेरणा मिलिरहेको उहाँले बताउनुभयो । काममा उहाँलाई श्रीमती र छोराले पनि सघाउँदै आएका छन् । उहाँले जमिन बाँझो राख्नेलाई यस्तै नगदे बाली लगाएर आम्दानी गर्न सुझाव दिनुभयो । पौडेलले गत वर्षदेखि रु ८० हजारको लगानीमा दश वटा मौरीका घारबाट मौरीपालन पनि सुरु गर्नुभएको छ । कागतीको फूल मौरीका लागि उपयुक्त हुने र कागतीको परागसेचनका लागि मौरी उपयुक्त हुने भएकाले मौरीपालन पनि सुरु गरेको उहाँले बताउनुभयो । मौरीका लागि मात्रै भनेर कुनै नयाँ मिहिनेत गर्नु नपरेको र महको बजार र मूल्य राम्रो भएकाले पनि मौरी पाल्न थालेको पौडेलले बताउनुभयो ।

क्षत्रीको उत्पादनलाई जोगाउन गत आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले ५० प्रतिशत अनुदानमा रु १० लाख 'कोल्ड स्टोर' निर्माणका लागि सहयोग गरेको छ । क्षत्रीले घर नजिकै कोल्ड स्टोर निर्माण गरेर उत्पादित कागती भण्डारण गर्न थाल्नुभएको छ । बेमौसममा बिक्री गर्नका लागि कागती र मुस्ताङबाट स्याउ खरिद गरेर भण्डारण गरेको उहाँले बताउनुभयो । खेतबारीमा नियमित परिश्रम गर्ने हो भने बुढेसकालमा पनि अरुको भर पर्नुपर्दैन उहाँले भन्नुभयो, "एकातिर स्वास्थ्य राम्रो हुने, अर्कोतिर आम्दानी पनि हुने ।" उहाँले आफूले थालेको व्यवसायलाई अझै बढाउँदै जाने सोच रहेको बताउनुभयो ।

# गुणस्तरहीन मदिरा बिक्रीवितरण तथा सेवन गर्न प्रतिबन्ध

**रासस**
म्याग्दी, २४ फागुन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीमा गुणस्तरहीन मदिरा बिक्रीवितरणमा रोक लगाइएको छ । गाउँपालिकाले बनाएको मदिरा नियन्त्रण तथा नियमनसम्बन्धी ऐनअनुसार वडाले बजार क्षेत्रबाट भित्रने न्यून गुणस्तर भएका मदिरालाई बिक्रीवितरण र सेवन गर्न प्रतिबन्ध लगाएको हो ।

वडाभित्र व्यापार व्यवसाय गर्ने र बजारबाट सामान ल्याएर बिक्री गर्ने व्यवसायीलाई न्यून गुणस्तर भएका करुवा, भुण्टी, सगुन, सौफीलगायतका मदिरा बिक्रीवितरण गर्न रोक लगाइएको रघुगङ्गा -२ का वडाध्यक्ष अमृत भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार अटेर गरी लुकीछिपी गुणस्तरहीन मदिरा बिक्री गर्ने व्यवसायीको अनुगमन गरेर कारबाही गर्न थालिएको छ ।

बुधबार भगवतीमा सवार ीसाधनबाट खाद्यान्नलगायतका सामग्रीसँग लुकाएर कमसल मदिरा बिक्रीवितरण गर्न पुगेको बेनी नगरपालिका-८ कालिपुलमा रहेको बिक्की एण्ड बदर्शलाई रु १० हजार जरिवाना गरिएको वडाध्यक्ष भण्डारीले जानकारी दिनुभयो । उक्तफर्मकाव्यवसायीबाटविभिन्न कम्पनीका एक सय बोत्तल मदिरासमेत जफत गरिएको छ ।

गाउँपालिकाले बनाएको ऐनमा यसरी सवारीसाधनबाट सामान ढुवानी गरेर लुकीछिपी गुणस्तरहीन मदिरा बिक्रीवितरण गर्नेलाई पहिलोपटकका लागि रु १० हजार, दोस्रोपटकका लागि रु २५ हजार, तेस्रोपटकका लागि रु ५० हजार र चौथोपटकमा सवारीसाधन नै जफत गर्ने कानुनी कारवाहीको व्यवस्था गरिएको छ ।

"स्वास्थ्यमा गम्भीर असर गर्ने, सस्तो मूल्यमा पाइने भएकाले कुलतमा फसाउने समस्या बढ्दो क्रममा रहेकाले हामीले गुणस्तर न्यून भएका मदिराको बिक्रीवितरणमा रोक लगाएका छौँ, नियम पालनाबारे नियमित अनुगमन पनि भइरहेको छ, कसैले लुकाएर बिक्रीवितरण गरे कारबाही गर्न थालेका छौँ", उहाँले भन्नुभयो । भगवतीमा गत पुस २५ गतेदेखि वडा समितिले मदिराजन्य पदार्थ र सुर्तीजन्य पदार्थको बिक्रीवितरणका लागि मापदण्ड र कार्यविधिलाई लागू गरिएको थियो । उक्त व्यवस्थाको कार्यान्वयनका लागि वडाध्यक्षको नेतृत्वमा भगवती प्रहरी चौकीका प्रतिनिधि, वडा सचिव, वडा सदस्य, होटल व्यवसायीका प्रतिनिधि र समाजसेवी सम्मिलित टोलीले अनुगमन गर्ने प्रबन्ध गरिएको छ । बजारबाट भित्रने न्यून गुणस्तरका मदिराका कारण दलित समुदायमा महिलासमेत कुलतमा फसेको, पारिवारिक विखण्डन सिर्जना गरेको, जनधनको क्षति, विभिन्न जटिल स्वास्थ्य समस्या बढ्दो क्रममा रहेकाले बिक्रीवितरण र सेवन गर्न प्रतिबन्ध नै लगाउनुपरेको वडा कार्यालयले जनाएको छ ।

यस वडामा १८ वर्ष नपुगेका बालबालिकालाई मदिरा र सुर्ती-चुरोट बिक्रीवितरण गर्न नपाइने नियमलाई समेत कडाइ गरिएको छ । रघुगङ्गा गाउँपालिकाको वडा नं ५ फिँमा गाउँपालिकाले बनाएको मदिरा नियन्त्रण तथा नियमनसम्बन्धी ऐनकै व्यवस्थामा टेकेर आयातित मदिरा बिक्रीवितरणमा पूर्णरूपमा रोक लगाइएको छ । गाउँपालिकाले स्थानीयस्तरमा उत्पादन हुने मदिराको गुणस्तर मापन गरेर ब्राण्डिङ गर्ने कार्यलाई अघि बढाउने योजना बनाएको जनाएको छ ।

# तनहुँको बुल्दीखोलामा पाँच करोडको लागतमा पक्की पुल बन्दै

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ फागुन

तनहुँको व्यास नगरपालिका-२ र १ करङकाठ जोड्ने बुल्दीखोलामा पक्की पुल निर्माण हुने भएको छ । पक्की पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ । व्यास नगरपालिकाले धादिङको ज्वालामुखी कन्स्ट्रक्सनसँग बुल्दीखोलामा पुल निर्माणका लागि बुधबार सम्झौता गरेको हो ।

बुल्दीखोलामा पुल निर्माणका लागि गत पुस ३ गते विद्युतीय बोलपत्र आव्हान भएको थियो । अनलाइनमार्फत पेस भएका तीन फर्मका विद्युतीय बोलपत्रमध्ये नगरपालिकाको स्वीकृत विभागीय लागत अनुमान मूल्यअभिवृद्धि कर र कन्टिजेन्सी बाहेक रु पाँच करोड ८२ लाख ४० हजार नौ सय ४९ मा बोलपत्र दर्ता गराएको ज्वालामुखी कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएको प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदीले जानकारी दिनुभयो । निर्माण कम्पनीका सञ्चालक धर्मराज लोहनी र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवेदीबीच ठेक्का सम्झौता भएको हो । पुल निर्माण १८ महिनाभित्र सम्पन्न गर्नुपर्नेछ ।

व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले तोकिएको समयमा निर्माण पूरा हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/११/२५

यस कार्यालयबाट मिति २०७९/०४/१९ मा कास्की जिल्ला पोखरा ३३ कास्कीमा संचालन गर्ने गरि पुतलीबजार ०६ स्याङ्जा निवासी इश्वर बहादुर गुरुङको नाउँमा दर्ता भएको फर्म दर्ता नं. २२७२४/०७९/०८० (९३५) को ड्रिम होम मेटल उद्योग नामक प्राइभेट फर्म मिति २०८०/११/२४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**